# गण्डकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## भुम्लिचोक, गोरखा

## गण्डकी प्रदेश, नेपाल

**आ.व. २०७८/७९ को लागि नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन गरि बिक्रि गर्ने कार्य सम्बन्धी**

# बृस्तृत सूचना तथा नमुना बोलपत्र फारम तथा शर्तहरु

**ठेक्का नं.** GRM/GOODS/2,3,4,5,6,7,8,9,10,11,12,13/2078/79

**(स्थान: २:-ज्यामिरेघाट, ३:-अम्बोटेघाट, ४:-बर्खेघाट, ५:-बाँदरेघाट, ६:-सिउरेनीटारघाट, ७:-छोटेटारघाट-क, ८:-छोटेटारघाट-ख, ९:-दर्बुंगघाट, १०:-घौंसुरखोलाघाट, ११:-कौदीघाट,१२:-चालिसेघाट, १३:-साझाबगरघाट)**

बेली श्रेष्ठ

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

**गण्डकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भुम्लिचोक, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

# आ.व. २०७८/७९ को लागि नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन गरि बिक्रि गर्ने कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०७८/०७/१३ गते)**

**गण्डकी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उदेश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०७८/७९ का लागि यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन शुल्क गण्डकी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०७८ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानून बमोजिम योग्यता पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी २०७८/०७/२९ गते दिनको ठिक १२:०० बजे भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही हार्डकपि तथा E-bidding मार्फत बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।**

**<u>नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण</u>**

| ठेक्का नं. | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरण | उत्खनन परिमाण (घ.मि.) | न्युनतम रकम (मु.अ.कर. बाहेक) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| GRM/GOODS/2/2078/79 | ज्यामिरेघाट, गण्डकी-७ | २,८४८.०० | ७,०३,४५६.०० | कबोल अंकको ५% ले हुन आउने रकम कृषि विकास बैंक ०३२५८०१४९१८३५०४३ वा मान्यता प्राप्त बाणिज्य बैंक वा नियम अनुसार बैंक ग्यारेन्टी जारि गर्न अधिकार प्राप्त बित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको बैंक जमानत पत्र | प्रत्येक ठेक्काको रु ३,००० कृषि विकास बैंक ०३२५८०१४९१८३५१४० |
| GRM/GOODS/3/2078/79 | अम्बोटेघाट, गण्डकी-८ | ६,५५२.०० | १६,१८,३४४.०० | | |
| GRM/GOODS/4/2078/79 | बर्खेघाट, गण्डकी-८ | ११,९९०.०० | २९,६१,५३०.०० | | |
| GRM/GOODS/5/2078/79 | बाँदरेघाट, गण्डकी-८ | १०,५५७.०० | २६,०७,५७९.०० | | |
| GRM/GOODS/6/2078/79 | सिउरेनिटारघाट, गण्डकी-८ | ८,०८७.०० | १९,९७,४८९.०० | | |
| GRM/GOODS/7/2078/79 | छोटेटारघाट-क, गण्डकी-५ | ८,२१६.०० | २०,२९,३५२.०० | | |
| GRM/GOODS/8/2078/79 | छोटेटारघाट-ख, गण्डकी-५ | ४,०५६.०० | १०,०१,८३२.०० | | |
| GRM/GOODS/9/2078/79 | दर्बुगघाट, गण्डकी-५ | २,२५२.०० | ५,५६,२४४.०० | | |
| GRM/GOODS/10/2078/79 | घौंसुरखोलाघाट, गण्डकी-५ | ११,८४३.०० | २९,२५,२२१.०० | | |
| GRM/GOODS/11/2078/79 | कौदीघाट, गण्डकी-४ | १७,९६८.०० | ४४,३८,०९६.०० | | |
| GRM/GOODS/12/2078/79 | चालिसेघाट, गण्डकी-३ | २,०२४.०० | ४,९९,९२८.०० | | |
| GRM/GOODS/13/2078/79 | साझाबगरघाट, गण्डकी-३ | ३,२३७.५० | ७,९९,६६२.५० | | |

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.gandakimun.gov.np मा समेत हेर्न सकिनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

बेली श्रेष्ठ

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७७।७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यलयको कृषि बिकास बैंक गण्डकी शाखा गोरखामा रहेको ०३२५८०१४९१८३५१४० मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औ दिन अर्थात मति २०७८/०७/२८ कार्यालय समय सम्म खरिद गर्न सकिनेछ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइड www.bolpatra.gov.np/egp बाट बोलपत्र download तथा upload गर्न सकिने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ पेश गर्नुपर्नेछ । खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
- बोलपत्र फारमहरु नियमानुसार यस **गाउँपालिकाको** बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७७/०७८ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्र बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वघोषणा पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरी PDF format मा Upload गरि सुचना प्रकाशित भएको मितिले १७ औ दिन अर्थात मति २०७८/०७/२९ दिनको १२:०० वजे भित्र Electronically वा हार्डकपि बोलपत्र पेश गर्नुपर्नेछ र वोलपत्रहरु सोही दिनको २:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- बोलपत्रदाताले E-biddig मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समाबेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बालपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक गण्डकी शाखामा रहेको धरौटि खाता नं ०३२५८०१४९१८३५०४३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले वा नियम अनुसार वैंक ग्यारेन्टी जारि गर्न अधिकार प्राप्त वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- ठेक्का सम्झौता गर्दा कबुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युनतम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता कबोल अंकमा न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा बाँकी रकमको १0% थप गरी जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैक वा नियम अनुसार वैंक ग्यारेन्टी जारि गर्न अधिकार प्राप्त वित्तिय संस्था वाट २०७९ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०७८ साल चैत मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा बढिमा कबोल अंकको मुल्य अभिवृद्धि कर र अग्रिम आय कर बाहेकको रकममा १० % छुट दिई सम्झौता गर्न सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) वाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- बोलपत्र पेश गर्दा राखेको कबोल अंकको ५% धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा शुल्क संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

बेली श्रेष्ठ
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भुम्लिचोक, गोरखा

# बोलपत्र फारम

**ठेक्का नं.: GRM/GOODS/...../2078/79**

**प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरण :**

बेली श्रेष्ठ
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकिय अधिकारी ज्यू

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,भुम्लिचोक गोरखा ।

विषय : वोलपत्र पेश गरेको बारे ।

महोदय,

उपरोक्त संबन्धमा तहाँ कार्यालयको मिति २०७८/०७/१३ गते प्रकाशित सूचना अनुसार आ.व. २०७८/७९ को नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा संकलन, उत्खनन गरि बिक्रि गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाको लागि संलग्न शर्त बन्देज तथा जानकारी आध्ययन गरि निम्न विवरण खोलि यो बोलपत्र पेश गरेको छु । मेरो बोलपत्र स्वीकृत भएमा त्यस गाउँ कार्यपालिकाको कार्यालय द्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरि उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु ।

मैले/यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विवरण र कबोल अंक यस प्रकार रहेको छ ।

## तपसिल:

| ठेक्का नं. | घाटको विवरण | उत्खनन परिमाण (घ.मि.) | न्युनतम रकम (मु.अ.कर. बाहेक) | कबोल रकम | | धरौटी रकम (मु.अ.क. र आयकर सहितमा) को ५ प्रतिशतले हुन आउने रकम |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| | | | | | | |

**बोलपत्र दाताको**

नाम थर:

हस्ताक्षर:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

सम्पर्क नं.:

बेली श्रेष्ठ
नि.प्रमुख प्रशासकीय अधिकृत

फर्मको छाप:

# गण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय
भुम्लिचोक, गोरखा

## शर्तहरु:

१. ठेक्का अवधि सम्झौता मिति देखि २०७९ सालको जेष्ठ मसान्तसम्म हुनेछ ।

२. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७७।७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यलयको कृषि बिकास बैंक गण्डकी शाखा गोरखामा रहेको ०३२५८०१४९१८३५१४० मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औ दिन अर्थात मति २०७८/०७/२८ **कार्यालय समय** सम्म खरिद गर्न सकिनेछ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइड www.bolpatra.gov.np/egp बाट बोलपत्र download तथा upload गर्न सकिने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ पेश गर्नुपर्नेछ । खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

३. बोलपत्र फारमहरु नियमानुसार यस **गाउँपालिकाको** बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७७/०७८ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्र बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वघोषणा पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरी PDF format मा Upload गरि सुचना प्रकाशित भएको मितिले १७ औ दिन अर्थात मति २०७८/०७/२९ दिनको १२:०० वजे भित्र Electronically वा हार्डकपि बोलपत्र पेश गर्नुपर्नेछ र वोलपत्रहरु सोही दिनको २:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. बोलपत्रदाताले E-biddig मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समाबेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बालपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. वोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक गण्डकी शाखामा रहेको धरौटि खाता नं ०३२५८०१४९१८३५०४३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले वा नियम अनुसार वैंक ग्यारेन्टी जारि गर्न अधिकार प्राप्त वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।

७. स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युनतम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता कबोल अंकमा न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा बाँकी रकमको १०% थप गरी जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैक वा नियम अनुसार वैंक ग्यारेन्टी जारि गर्न अधिकार प्राप्त वित्तिय संस्था वाट २०७९ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०७८ साल चैत मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

८. स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा बढिमा कबोल अंकको मुल्य अभिवृद्धि कर र अग्रिम आय कर बाहेकको रकममा १० % छुट दिई सम्झौता गर्न सकिनेछ ।

९. तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) वाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

१०. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

११. बोलपत्र पेश गर्दा राखेको कबोल अंकको ५% धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।

बेली श्रेष्ठ
नि.प्रमुख प्रशासकीय अधिकृत

**१२.** बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा शुल्क संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।

**१३.** पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

**१४.** बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा **९८५६००३३६७** सम्पर्क राख्न हुन सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

**१५.** प्रचलित कानुन अनुसार कालो सूचीमा परेका र गाउँपालिका कार्यालयलाई बुझुना पर्ने बाँकी बक्यौता भएका ब्यक्ति, फर्म तथा कम्पनीको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१६. गाउँपालिका कार्यालय गण्डकीले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारबाही गरिनेछ .

१७. बोलपत्रदाताले ठेक्का सम्झौता पछि गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउन पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन .

१८. राष्ट्रिय राजमार्ग र सहायकसडकमा ढाट तगारो राखी प्राकृतिक स्रोत कर संकलन गर्न पाइने छैन .

१९. बोलपत्रदाताले राजस्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटि टाँस गर्नुपर्नेछ र राजस्व संकलन गर्न कर्मचारीलाई परिचयपत्र लगाईमात्र संकलन कार्य गराउनुपर्नेछ .

२०. गाउँपालिकाबाट प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE), २०७७ मा घाटगद्दी स्थल नतोकिएको स्थानबाट कसैलेपनि नदिजन्य पदार्थ संकलन उत्खनन गर्न पाइने छैन . यसरी घाटगद्दी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाइएमा गाउँपालिका द्वारा तोकिएको जरिबाना गरिनुका साथै नदिजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ .

२१. ढुंगा, बालुवा, गिट्टी उत्खनन गर्दा नेपाल सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदण्ड, २०७७ को पालना गर्नुपर्ने छ .

२२. नदि किनारबाट भू-क्षय हुने गरि दिल, भिर, भित्तो खानी खोस्री गरि ढुंगा, बालुवा, ग्राबेल, गिट्टी, निकाल्न पाइने छैन .

२३. नदि खोलाको घाट वा आकृति बिग्रने गरि नदि किनारमा प्राकृतिक तवरले रहेको ढुंगा तोड्न वा फोड्न पाइने छैन . साथै ढुंगा, बालुवा, ग्राबेल, गिट्टी भरणमा मेसिनको प्रयोग गर्दा स्वीकृत प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE) ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमति लिएरमात्र घाटगद्दी स्थल तोकेर प्रयोग गर्न पाइने छ .

२४. भिजेको नदिजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनपर्नेछ . साथै ढुंगा, बालुवा, ग्राबेल, गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरि ढुवानी कार्य गर्न लगाउनु पर्नेछ .

२५. बोलपत्रदाताले घत क्षेत्रमा फोहोरमैलाको उचित ब्यबस्थापन गर्नुपर्नेछ साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरि ढुवानी कार्य गर्न लगाउनु पर्नेछ . साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरि ढुवानी कार्य गर्न लगाउनु पर्नेछ .

२६. बोलपत्रदाताले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मस्क, हेल्मेट आदिको ब्यबस्था मिलाउन ढुवानी साधनलाई जानकारी गराउनु पर्नेछ .

२७. बोलपत्रदाताले १/१ मैहिनामा संकलन तथा उत्खनन परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ . साथै सोहि समयमा कार्यालयबाट प्रमणित गरि लागेको प्रोयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ.

२८. बोलपत्रदाताले नदिजन्य पदार्थ संकलन, उत्खनन हुने घाटगद्दी स्थल सम्बन्धिका खर्चहरु स्वयम् आफैले ब्यहोर्नु पर्नेछ .

२९. बिहान सूर्योदय भन्दा आगाडी र साँझ सूर्यास्तभन्दा पछी ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाइने छैन . यसरी नियम विपरीत गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारबाही गरिनेछ .

३०. खोला र नदीको घाटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटि बोलपत्रदाता आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरि आफ्नै खर्चमा राख्नुपर्नेछ .

३१. नेपाल सरकारले बिक्रीकर छुटका लागि गरेका निर्णय बाहेक यस गण्डकी गाउँपालिका क्षेत्रभित्र भएर बग्ने नदि खोलाबाट नदिजन्य पदार्थ संकलन/उत्खनन गरे बापत गाउँपालिकाको प्राकृतिक स्रोत कर सबैले तिर्नु पर्नेछ . कसैले गाउँपालिकाको प्राकृतिक स्रोत कर तिर्न अटेर गर्म कानून अनुसार कारबाही गरिनेछ .

३२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ .

३३. प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE) का प्रावधानहरुको ब्याख्या गर्ने अधिकार यस गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ .

३४. यस सूचनामा उल्लेख भएको बिषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम एबम प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE) बमोजिम हुनेछ .

३५. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म, संस्थाले प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE), गण्डकी प्रदेश सरकारको स्वीकृत आर्थिक ऐन, २०७७ नेपाल सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड, २०७७ गण्डकी गाउँपालिका बातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन, २०७७ लगायत अन्य सम्बन्धित कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ .

बोलपत्रदाताको नाम:

ठेगाना:

हस्ताक्षर:

मिति:

बेली श्रेष्ठ

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत